# एस डेभलपमेण्ट बैंक लिमिटेड
## सञ्चालक समितिको प्रतिबेदन
### आर्थिक बर्ष २०६३/६४

**नोट:तल प्रस्तुत गरिएको संक्षिप्त वार्षिक आर्थिक विबरण कम्पनीको वार्षिक आर्थिक विबरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त बिवरण मात्र हो**

शेयरधनी महानुभावज्युहरू,

एस डेभलपमेण्ट बैंक लिमिटेड (तत्कालीन एस फाइनान्स कम्पनी लिमिटेड -वित्तीय संस्था) को १२औं वार्षिक साधारण सभामा यहांहरूलाई सञ्चालक समितिको तर्फवाट हार्दिक स्वागत गर्दछौं र २०६४ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान वांडफांड हिसाब, नगद प्रवाह हिसाबको विवरण तथा अन्य आवश्यक विवरणहरू सभाको अनुमोदनको लागि प्रस्तुत गर्दछौं ।

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन,**

कम्पनीले विगत वर्षमा गरेको कारोवारको वित्तीय झलक निम्न अनुसार रहेको छ :

रू.हजारमा

| विवरण | आ.व. २०६२/६३ | आ.व. २०६३/६४ | बृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| कुल सम्पति | १,१०,४७,२९ | १,५५,८७,९४ | ४५४,०६५ | ४१.१० |
| कुल निक्षेप | ८५,७६,७८ | ९८,८१,२९ | १३,०४,५१ | १५.२१ |
| कुल कर्जा तथा सापट | ७८,०२,५९ | ८९,८९,६९ | ११,८७,१० | १५.२१ |
| कुल लगानी | १७,१५,२६ | ४२,५१,१३ | २५,३५,८७ | १४७.८४ |
| संचालन नाफा -कर तथा व्यवस्था अघिको) | ४,०७,२३ | ३,४८,५३ | (५८,७०) | (१४.४१) |
| कर तथा व्यवस्था पछिको खुद मुनाफा | २,५१,४२ | २,१४,७८ | (३६,६४) | (१४.५७) |
| शेयर संख्या (हजारमा) | ९०० | ३२,०० | २३०० | २५५.५६ |
| प्रतिशेयर आम्दानी रू. | २८ | ६.७१ | (२१.२९) | (७६.०३) |

नोट:–गत बर्षको नाफाबाट ३ लाख ६० हजार कित्ता वोनस शेयर तथा १९ लाख ४० हजार कित्ता हकप्रद शेयर जारी गरी ३२ लाख कित्ता शेयर भएको छ । साथै, यस बर्षको नाफाबाट चुँक्ता पुँजिको ५.२६ प्रतिशत (कर सहित) का दरले हुन आउने रू १,६८,४२ हजार रकम नगद लाभांशको रूपमा प्रस्ताव गरीएको छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितीबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर,**

देशको राजनैतिक तथा अर्थव्यवस्थामा देखापरेको लगातारको द्वन्द्वले निजी क्षेत्र नराम्रोसंग प्रभावित भएको छ । राजनैतिक अस्थिरता, सुरक्षा अवस्था, राजनीतिक वातावरणमा रहेको असन्तुलन जस्ता कुराले नयां लगानीका अवसरहरूलाई खुम्च्याएको छ भने बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा विगत केहि समय देखि भएको बृद्धिले अत्याधिक प्रतिस्पर्धाको वाताबरण देखिएको छ । यसका वावजुद समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको कुल आन्तरिक कर्जाको प्रवाहमा वृद्धि भएको छ । यसुको मुख्य कारण बैंक तथा बित्तीय सस्थाहरूले जलविद्युत तथा अर्थतन्त्रका लगानी योग्य अन्य नयाँ क्षेत्र पहिल्याई कर्जा लगानी गर्नु हो ।

विदेशमा गई काम गर्ने नेपालीहरूका पठाउने विप्रेषणको कारण साधारण नेपालीको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यसले नेपाली जनताको औसत पारिवारिक आय वृद्धि भएको केन्द्रीय तथ्याङ्क विभागले गरेको सर्वेक्षणमा उल्लेख छ । यसबाट बिशेषगरी उपभोक्ता ऋण प्रवाहको क्षेत्र बढ्न गएको छ साथै यस क्षेत्रमा बैंक तथा बित्तीय संस्थाहरू बिच प्रतिस्पर्धा समेत बढाएको छ । समग्रमा भन्ने हो भने देशको अर्थतन्त्रमा विदेशमा गई काम गर्ने नेपालीहरूले पठाउने विप्रेषणले प्रमुख स्थान ओगटेको छ ।

साथै, पछिल्ला केहि बर्षमा अन्तर्राष्ट्रिय राजौतिक तथा आर्थिक मंचमा आएका परिवर्तनहरूले देशको अर्थतन्त्र तथा वित्तीय क्षेत्रमा समेत चुनौती तथा अवसरहरूको सृजना गरेको छ । मध्यपुर्बमा देखिएको

राजनैतिक संकटले तेलको मुल्य बढ्न गई विश्व अर्थतन्त्रमानै नकारात्मक प्रभाव परेको छ भने अर्थतन्त्रका अन्य क्षेत्रहरूमा देखिएको विश्वव्यापिकरणको लहरले हामिमा समेत चुनौती तथा अवसरहरूको सृजना गरेको छ । समग्रमा यो कम्पनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितीबाट सृजित चुनौतिहरूको उचित तबरले सामना गर्दै प्राप्त अवसरहरूको पुर्ण उपयोगको लागि सक्षम रहेको छ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,**

चालु वर्ष २०६४ आश्विन मसान्त सम्मको मुख्य वित्तीय विवरण यस प्रकार रहेको छ

| विवरण | २०६४ आषाढ मसान्तको | २०६४आश्विन मसान्तको |
|---|---|---|
| कुल निक्षेप | ९८,८१,२९ | |
| कुल कर्जा तथा सापट | ८९,८९,६९ | |
| कुल लगानी | ४२,५१,१३ | |
| संचालन नाफा (व्यवस्था अघिको) | ३,४८,५३ | |

उपरोक्त वित्तीय उपलब्धीका अलावा यसै बर्ष कम्पनीलाई Boss Magazine ले 2005-2006 को "The Best Financial Institution " बाट सम्मानीत गरेको छ ।यसै गरी, गत बर्ष नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्धारा प्रदान गरिने गैर बैंकिङ्ग वित्तीय क्षेत्र अर्न्तगत आर्थिक बर्ष (२०६२/६३) सन् २००६ को उत्कृट वित्तीय प्रतिवेदन राष्ट्रिय पुरस्कार "Best Presented Accountants 2006" समेत प्राप्त गर्न कम्पनी सफल भएको जानकारी गराउछौं ।

कम्पनी ले २०६३ भाद्र २२ गते देखि आफ्नो वित्तीय कारोबार ब्यावसायिक सुविधा सम्पन्न नव निर्मित भवन नारायण चौर,नक्साल बाट संचालन गर्दै आइरहेको जानकारी गराउन पाउँदा गौरवान्वित छौं। साथै, गत साधारण सभाबाट पारीत भए बमोजिम चालु बर्षमा कम्पनीको पुंजी वृद्धि गरि ३२ करोड पुऱ्याई नेपालको आर्थिक इतिहासमा "ग" वर्गको वित्तीय संस्था बाट "ख" वर्गको राष्ट्रिय स्तरको डेभलपमेण्ट बैंकमा स्तर बृद्धि गर्ने पहिलो डेभलपमेण्ट बैंकको हैसियतले मिति २०६४ श्रावण ३० गते बाट वित्तीय कारोवार गर्न शुरू गरी ग्राहक वर्गमा विकास बैंकले प्रदान गर्ने सम्पुर्ण सेवा दिदै आईरहेका ब्यहोरा जानकारी गराउन पाउदा साह्रै खुसि लागेको छ । कम्पनी को शाखा विस्तारको क्रममा मिति २०६४ भाद्र २६ गते देखि पर्सा जिल्लाको बिरगञ्जमा शाखा बिस्तार गरी कारोवार शुरू गरेका छौ साथै यसै आ.व.मा काठमाण्डौ जिल्लाको किर्तिपुरमा थप एउटा शाखा थप्ने योजना अनुरूप नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त भए बमोजीम यसै बर्षबाट कार्य थालनी गर्ने समेत जानकारी गराउछौं ।

साथै, नेपाल राष्ट्र बैंकको निर्देशानुसार बैकको चुक्ता पुँजि आगामी आ.व.२०६६/६७ सम्म ६४ करोड पुऱ्याउनु पर्ने प्रावधान अनुरूप यस बर्ष १०: ३ अर्थात विद्यमान १० शेयर वराबर नयाँ ३ शेयरका दरले हकप्रद शेयर जारी गर्न अनुमोदनको लागी यहाँहरू समक्ष पेश गरेका छौ ।

**भावी कार्यक्रम**

"ग" वर्गको वित्तीय संस्था बाट "ख" वर्गको राष्ट्रिय स्तरको डेभलपमेण्ट बैंकमा स्तर बृद्धिभै सकेपछि हामीले हाम्रा ग्राहकबर्गहरूलाई दिन सक्ने सेवाका दायराहरू समेत फराकिलो भैसकेको परिपेक्ष्यमा आगामि दिनहरूमा मूलत: निम्न पक्षहरमा जोड दिने कार्यक्रम रहेको छ:

(क) शाखा विस्तारको कार्यक्रमलाई निरन्तरता दिने
(ख) मर्चेण्ट बैंकिङ्गको कारोबारमा बिषेश जोड दिने
(ग) लघुवित्त व्यवसाय गर्ने
(घ) नयाँ तथा गुणस्तरीय बैंकिङ्ग सेवहरूको शुरूवात गर्ने

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध,**

यो कम्पनी देशको औद्योगीक, व्यवसायीक, बैकिङ्ग लगायत समाजका अन्य क्षेत्रमा विशिष्ठता प्राप्त उद्योगपति, व्यवसायी, व्यावसायिक बैंकर्स तथा आ-आफ्नो बिभिन्न क्षेत्रमा ख्याति प्राप्त महानुभावहरूद्वारा प्रवर्धन गरिएको हो । वित्तीय क्षेत्रमा देखिएको बढद्दो प्रतिस्पर्धाको वर्तमान परिपेक्षमा कम्पनीको व्यवस्थापन चुस्त दुरूस्त तथा व्यवसायिक हुनुपर्ने मान्यता अनुरूप कम्पनीको व्यवस्थापन व्यावसायिक बैंकर्सहरूबाट संचालित छ । सञ्चालक समितिले नीति तथा नियमहरू बनाउंदा व्यावसायिक पक्ष र दुरगामी असरलाई मध्यनजर राखेर बनाउने र त्यसलाई चुस्त, पारदर्शी एंव व्यावसायिक ढङ्गबाट लागु गर्ने कार्य व्यवस्थापनले गरेको छ ।

कम्पनी ले आफ्नो कारोबारसंग सम्बन्धीत सम्पुर्ण पक्ष संग हार्दिक एंव व्यावसायिक सुमधुर सम्बन्ध स्थापित गरेको छ । कम्पनीले कर्जा प्रवाह गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा सञ्चालक समितिले पारित गरेको कर्जा नीतिको आधारमा व्यवस्थापनले परियोजनाहरूको उचित विश्लेषण गरेपछि कर्जा प्रवाह गर्दछ । त्यस्तै सञ्चालक समितिले ट्रेजरी ,आर्थिक प्रशासन तथा लगानी सम्बन्धी कार्यबिधी तथा निक्षेपतर्फका ग्राहकहरूको कारोबारको निमित्त संचालन कार्यबिधी भित्र रहि कार्य गर्ने गरी पारित गरेको छ,जसलाई व्यवस्थापनले पुर्णरूपले पालन गर्दै आफ्नो ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

कम्पनीले नियमन निकायले दिएको निर्देशन तथा वित्तीय क्षेत्रमा आएको परिवर्तन संगै समयानुसार प्रत्येक विभाग तथा कामको कार्यविधि तथा नीति, निर्देशनहरूलाई परिमार्जित गर्दै लैजाने गरेको छ । वास्तवमा आफ्नो कारोबारसंग सम्बन्धीत सम्पुर्ण ग्राहकवर्ग, संघसंस्था तथा अन्य निकायहरूसंग व्यावसायिक एंव पारदर्शिताको आधारमा राखिने सुमधुर सम्बन्धनै भरपर्दो र विश्वासिलो हुनुका साथै कम्पनी को प्रगतिको माध्यम हो भन्ने हाम्रो विश्वास रहेको छ ।

यसका साथै कम्पनीको कारोबारलाई चुस्त प्रतिस्पर्धी र मुनाफा मुलक बनाउन अन्य औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरूसंग सुमधुर सम्बन्ध राख्न कम्पनी सधै नै प्रयत्नशील रहिआएको छ र अन्य बैक तथा वित्तीय संस्थाहरूसंग सह वित्तीयकरणमा विभिन्न परियोजनाहरूमा लगानी गर्नेतर्फ सावधानीका साथ विश्लेषणको आधारमा निर्णय गर्ने परम्परा अपनाएका छौं ।

**(ङ) संस्थागत सामाजीक उत्तरदायित्व,**

संस्थागत सामाजीक उत्तरदायित्व निर्वाह गर्ने क्रममा यस कम्पनीको विगत तथा हालका दिनहरूमा संस्थागत सामाजीक उत्तरदायित्व संम्बन्धि विश्वव्यापी लहरलाई हृदयगंम गरी कम्पनीले यस बर्ष पनि संयुक्त राष्ट्र संघ महिला तथा वालबालिका आयोगद्धारा आयोजीत Fund Raising कार्यक्रममा प्रमुख प्रायोजकको रूपमा काम गरेको जानकारी गराउछौं। साथै, यसै बर्ष नेपाल इन्भेष्टमेन्ट बैंक द्धारा देशका ऐतिहासिक धरोहर संरक्षण गर्ने हेतु आयोजीत म्याराथुन प्रतियोगीतामा सहभागीता जनाएका थियौं । अघिल्ला बर्षहरूमा जस्तै विपन्न बर्गका वालबालिकामा कम्पनी द्धारा प्रदान गर्ने छात्रबृद्धि लगायतका कार्यत्रम समेत यथावत रहेको जानकारी गराउछौं।

**(च) संञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,**

कम्पनीमा संस्थापक (समुह क) शेयरधनी श्री मर्केन्टाइल इन्भेष्टमेन्ट प्रा.लि.का तर्फबाट दुइ जना प्रतिनिधि नियुक्त हुनु भएकोमा नेपाल राष्ट्र बैंकको निर्देशानुसार सो कम्पनीका प्रतिनिधि श्री संजिव राजभण्डारीले राजीनामा दिनुभै श्री राजभण्डारी पुनः अर्को संस्थापक शेयरधनी श्री काष्ठमण्डप इन्भेष्टमेन्ट प्रा.लि.का तर्फबाट बाँकि अवधिका लागि नियुक्त हुनु भएकाले र प्रचलित ऐन नियम अनुसार नेपाल राष्ट्र बैंकमा सूचिकृत रूद्रमति मार्ग, काठमाण्डौ निवासि श्री शिव बिक्रम शाह लाई व्यावसायिक बिशेषज्ञ सञ्चालकमा बाकि अवधिको लागी नियूक्ति गरेकोले अनुमोदनको लागि पेश गरेका छौं ।

**(छ) कारोबारलाई असर पार्ने मुख्य कुराहरू,**

मुलूकको समग्र अर्थतन्त्रको प्रतिकुल अवस्थाको बावजुद पनि वित्तीय क्षेत्रमा बढ्दो प्रतिस्पर्धा रहेको छ । राष्ट्रिय अर्थव्यवस्थामा समुचित सुधार नआएसम्म वित्तीय व्यवसायले पनि अपेक्षित विकास गर्न नसक्ने

प्रष्ट छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित ऐन अनुसारको नेपाल राष्ट्र बैंक बाट "ख" वर्गको राष्ट्रिय स्तरको डेभलपमेण्ट बैंकमा इजाजत प्राप्त भै हामीले गर्न पाउने कारोबार तथा ग्राहक वर्ग लाई दिने सुविधामा वृद्धि भएको छ । यस संर्न्दभमा स्वतन्त्र व्यवस्थापन प्रक्रिया तथा समय समयमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको लागि जारी गर्ने निर्देशनहरूको भुमिका बढी महत्वपुर्ण हुनेछन् । यसलाई हामीले केही चुनौती र थुप्रै अवसरहरूको रूपमा परिणत गर्न सक्नेछौ भन्ने विश्वास यंहाहरूलई दिलाउन चाहन्छौ । ऋण असूली प्रकृयामा वित्तीय संस्थाहरू प्रति केहि लचिलो कानूनको अभावले गर्दा वित्तीय क्षेत्रमा केहि असर परेको छ तर पछिल्ला दिनहरूमा यस संर्न्दभमा केही सुधारका संकेत देखिएका छन् तर पनि यसलाई सम्बन्धित नियमनकारी निकायले समयानुकूल छिटो छरितो बनाउनु अतिआवश्यक छ ।

**(ज) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया,**

प्रस्तुत लेखापरिक्षण प्रतिवेदनमा त्यस्तो कुनै उल्लेखनीय कैफियत रहेको छैन । लेखापरिक्षकले हाम्रो कारोबारबाट सन्तुष्ट रहेको प्रतिवेदन दिनु भएको छ ।

**(झ) लाभांश बांडफांड गर्न सिफारिस गरिएको रकम,**

कम्पनीको मिति ३२ आषाढ २०६४ मा समाप्त भएको आर्थिक वर्षमा संचित नाफाबाट नियमानुसार गर्नुपर्ने ब्यवस्थाको अलावा बांकि रहेको रकम लाई आर्थिक विवरणमा उल्लेख भएबमोजिमको सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पुँजीको ५.२६ प्रतिशत अर्थात रू. १,६८,४२,१०५ नगद लाभांस वितरणार्थ यसै साधारण सभा बाट अनुमोदनको लागि पेश गरेका छौं ।

**(ञ) शेयर जफत भएको भए शेयर संख्या, त्यस्तो शेयरको अंकित मुल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण,**

कम्पनीले यस आर्थिक वर्षमा कुनै पनि शेयर जफत गरि लिएको छैन ।

**(ट) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन,**

यस कम्पनीको विगत आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन निम्न अनुसार रहेको छः

**रू.हजारमा**

| विवरण | २०६३ आषाढ मसान्तको | २०६४ आषाढ मसान्तको | बृद्धि/कमी |
|---|---|---|---|
| कुल सम्पत्ति | १,१०,४७,२९ | १,५५,८७,९४ | ४,५४,०६५ |
| कुल संचालन आम्दानी | ५,१७,२१ | ६,४९,८१ | १,३२,६० |
| संचालन नाफा (कर तथा व्यवस्था अघि) | ४,०७,२३ | ३,४८,५३ | (५८,७०) |
| कर तथा व्यवस्था पछिको नाफा | २,५१,४२ | २,१४,७८ | (३६,६४) |

**(ठ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपुर्ण परिवर्तन,**

यस कम्पनीले समिक्षा वर्षमा विभिन्न क्षेत्रमा लगानी गरि मुनाफा आर्जन गर्न सफल भएको छ । साथै विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको निष्काशन तथा बिक्रि प्रबन्धक भै कारोवार गर्न सक्षम भएको छ ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी,**

विगत बर्ष झै कम्पनीको उत्तरोतर प्रगतीको लागी प्राप्त शुभकामना साथै कम्पनीको संचालक तथा कर्मचारीहरू लाई कम्पनीको कारोवारमा हौसला प्रदान गर्नु भएको छ ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूवाट कम्पनीले प्राप्त गरेको जानकारी ,**

आर्थिक बर्ष २०६३/२०६४ मा यस कम्पनीको सञ्चालकहरू तथा व्यवस्थापन संग सम्बन्धित पदाधिकारीहरू हकप्रद शेयर खरिद वाहेक कम्पनीको शेयर कारोवारमा संलग्न रहेको जानकारी प्राप्त नभएको ।

**(ण) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित संझौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नोतेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,**

कम्पनी संग सम्बन्धित सम्झौताहरूमा कुनैपनि सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ बारेमा कुनै जानकारी प्राप्त नभएको ।

**(त) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी शेयर खरीद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम,**

कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**(थ) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भए सोको विस्तृत विवरण,**

कम्पनीले आन्तरिक नियन्त्रण प्रणालीलाई विशेष ध्यान दिइएको छ भने कम्पनीको नीति नियमको परिपालना तथा आन्तरिक लेखापरिक्षण सम्बन्धि कार्य एक वरिष्ठ व्यवसायिक चार्टड एकाउन्टेण्ट् संस्थालाई जिम्मा दिइएको छ । कम्पनीले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नको लागी विभिन्न विनियमावलीहरू बनाई नेपाल राष्ट्र बैंक बाट स्वीकृत गराई कम्पनीमा लागु गरेको छ ।

**(द) विगत आर्थिक वर्षको कुल व्ययवस्थापन खर्चको विवरण,**

विगत आर्थिक वर्ष २०६३/२०६४ मा कम्पनीको कर्मचारी तथा कार्यालय संचालन खर्च अन्तर्गतका व्यवस्थापन खर्च रू. ३,११,६९ हजार भएको छ, जुन आर्थिक विवरणको अनुसुची नं. ४.२३ र ४.२४मा देखाइएको छ ।

**(ध) लेखापरिक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रामिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,**

| लेखा परीक्षण समिति | पारिश्रमिक भत्ता तथा सुविधा | विवरण तथा सुझाव |
|---|---|---|
| श्री विनोद रत्न तुलाधर ( अध्यक्ष) | प्रति बैठक भत्ता वापत रू. ४,५०० | लेखा परीक्षणको प्रतिवेदन समिक्षा गरी सुधारका लागी साथै आन्तरिक नियन्त्रण व्यवस्था तथा प्रक्रियामा सुधार गर्न र आवश्यकता अनुसार निति तथा प्रक्रियाहरूमा सुधारका उपायहरू अपनाउन व्यवस्थापन लाई आवश्यक निर्देशन दिने गरेको छ । |
| श्री संजिव राज भण्डारी ( सदस्य) | प्रति बैठक भत्ता वापत रू. ४,५०० | |
| श्री भिष्म राज चालिसे ( सदस्य) | कुनै सुविधा लिएको छैन | |

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बांकी भए सो कुरा,**

कम्पनीका सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बांकी छैन ।

**(प) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,**

**संचालक समिति**

| बैठक भत्ता | अन्य सुविधा | कैफियत |
|---|---|---|
| रू. ३,०४,०००/– | मोवाइल सेल थान १ र मासिक अधिकतम रू.२,००० सम्मको विल रकम | |

**प्रबन्ध सञ्चालक तथा पदाधिकारीहरू**

| पदाधिकारीको नाम | पद | पारिश्रमिक तथा भत्ता | अन्य सुविधा | कैफियत |
|---|---|---|---|---|
| श्री सिद्घान्त राज पाण्डे | प्रबन्ध संचालक | रू. ३३००हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री भिष्म राज चालिसे | सहायक महाप्रबन्धक | रू. १०४४हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्रीमती पुर्णिमा राजभण्डारी | वरिष्ठ प्रबन्धक | रू. ६८४हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री भाष्कर थापा | प्रबन्धक | रू. ५७८हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री हेम राज रानाभाट | प्रबन्धक | रू. ५७६हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री नरेन्द्र नरसिंह प्रधान | प्रबन्धक | रू. ५७६हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री रामेश्वर पोखरेल | प्रबन्धक | रू. ५७६हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री युवराज थापा | सहायक प्रबन्धक | रू. ४५९हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री सुमिन ढकाल | सहायक प्रबन्धक | रू. ४३२हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री राकेश राज जोशी | सहायक प्रबन्धक | रू. ४३२हजार | सवारी साधन | बोनस तथा बिदाको रकम बाहेक |
| श्री पिनाकि दहाल | सहायक प्रबन्धक | रू. ९०हजार | | बोनस तथा बिदाको रकम बाहेक |
| श्री कविन्द्र ध्वज जोशि | सहायक प्रबन्धक | रू. ११४हजार | | बोनस तथा बिदाको रकम बाहेक |

**(फ) शेयरधनीहरूले २०६४ आषाढ मसान्तमा बुझिलिन बांकि रहेको लाभांशको रकम,**

| आर्थिक वर्ष | बुझिलिन बाँकि रकम रू. |
|---|---|
| २०५३/२०५४ | ६,२००/– |
| २०५४/२०५५ | ८,१००/– |
| २०५५/२०५६ | ४००/– |
| २०५६/२०५७ | ४,०००/– |
| २०५७/२०५८ | १०,०००/– |
| २०५८/२०५९ | ३०,९७५/– |
| २०५९/२०६० | १,१६,९२५/– |
| २०६०/२०६१ | १,७७,५००/– |
| **जम्मा** | **३,५४,१००/–** |

**(ब) लेखापरीक्षकको नियुक्ति सिफारीस**

यस डेभलपमेण्ट बैंकको लेखापरीक्षण समितिले आर्थिक बर्ष २०६४/२०६५ को लेखापरीक्षण कार्यको लागी कम्पनी ऐन बमोजिम श्री ..........................., चार्टर्ड एकाउण्टेण्टसलाई पारिश्रमिकरू. ......../– (................ मात्र) दिने गरी नियुक्त गर्न सिफारिस गरेको छ। उक्त नियुक्ति लाई अनुमोदनको लागी प्रश्ताव गरेका छौं। यस अघि लगातार ३ बर्षको लेखापरीक्षण कार्य समयमानै सम्पन्न गर्नु भएका चार्टर्ड एकाउण्टेण्ट श्री सुन्दरमान श्रेष्ठलाई धन्यवाद दिन चाहन्छौं।

**कृतज्ञता ज्ञापन**
देशमा कायम रहेका असहज व्यवसायिक परिस्थितिमा पनि उत्तम कार्य सम्पादन कायम राख्न सफल भएकोमा सञ्चालक समितिको तर्फबाट म कम्पनी व्यवस्थापन एवं समस्त कर्मचारीहरूको विशेष सहाना गर्न चाहन्छु।

हाम्रा शेयरधनीहरूबाँट प्राप्त अटुट समर्थन र हौसलाले कम्पनीको कार्य सम्पादन अझ चुस्त बनाउन र प्रगति तर्फ उन्मुख हुन हामीलाई प्रेरणा मिलेको छ । तपाईहरूको निरन्तर सहयोगबाट आंउदा वर्षहरूमा अझ बढी सफलता प्राप्त गर्ने कुरामा हामी विश्वस्त छौं ।

यस अवसरमा हामीलाई निरन्तर रूपमा अमुल्य मार्गदर्शन तथा परामर्श दिई सहयोग पुऱ्याउदैं आएका नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड लगायत अन्य प्रत्यक्षँ/अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउंदै आउनु भएका सम्पुर्ण निकाय तथा महानुभावहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा हाम्रा ग्राहक महानुभावहरूले निरन्तर रूपमा हामी प्रति देखाउदै आउनु भएको आत्मीयता, न्यानो माया र विश्वासप्रति आभार प्रकट गर्दछौं । उहांहरू विना हामी नेपाल अधिराज्यको एक प्रतिष्ठित वित्त कम्पनी बन्न सक्ने थिएनौं । हामी उहांहरूलाई उच्च्व स्तरीय सेवाको माध्यमद्धारा उहांहरूसंग दिर्घकालीन र पारस्परीक फाइदाको सम्बन्ध विस्तार गर्न प्रतिबद्ध छौं भन्ने कुराको विश्वास दिलाउंदछौं ।

धन्यवाद ।

१. श्री योगेन्द्र शाक्य - अध्यक्ष    २. श्री राजीव राज भण्डारी -सञ्चालक

३. श्री बिनोद रत्न तुलाधर -सञ्चालक    ४. श्री संजिव राजभण्डारी -सञ्चालक

५. श्री शिब बिक्रम शाह - सञ्चालक    ६. श्री सिद्धान्तराज पाण्डे -प्रबन्ध सञ्चालक